विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

## नेपाल पर्यटन बोर्ड ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक

### तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः
- हाल प्रचलनमा रहेको नेपाल पर्यटन बोर्ड ऐन, २०५३ लाई समसामयिक र अद्यावधिक बनाउन,
- पर्यटन क्षेत्रमा आएका नयाँ अवसर र चुनौतीलाई सम्बोधन गर्न तथा विश्व पर्यटन बजारमा नवीनतम औजारको प्रयोग गरी पर्यटन प्रवर्धन गर्नुपर्ने भएको,

२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः
- तटस्थ।

३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः
- हाल कायम रहेकै व्यवस्थाबाट परिवर्तित व्यवस्था कार्यान्वयन गर्न सकिने हुँदा नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने अवस्था नरहेको।

४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः
- सकारात्मक योगदान पुग्ने।

५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः
- बोर्डको काम, कर्तव्य र अधिकारलाई व्यबस्थित र अद्यावधिक हुने गरी प्रस्ताव गरिएको, बोर्डका सदस्य तथा कार्यकारी प्रमुखको नियुक्तिलाई योग्यता प्रणालीमा आधारित हुने गरी थप व्यबस्थित गरिएको, सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने।

६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः
- तटस्थ।

७. अन्य आवश्यक विषयः
- नेपाल पर्यटन बोर्ड ऐन, २०५३ संशोधनको तीन महले संलग्न गरिएको छ।